# आ. व.२०७६/७७ को प्रथम चार महिना (श्रावण-कार्तिक) अवधिको नेपालको वैदेशिक व्यापार वस्तुस्थिति

व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको प्रारम्भिक तथ्याँक अनुसार आ.व. २०७६/७७ को प्रथम चार महीनाको अवधिमा नेपालको कुल वैदेशिक व्यापार अघिल्लो वर्षको सोही अवधिको तुलनामा ५.२ प्रतिशतले ह्रास आई रु.४८६.५८ अर्बमा सीमित हुन पुगेको छ। कुल व्यापारमा निकासी तथा पैठारीको योगदान क्रमशः ७.५ प्रतिशत र ९२.५ प्रतिशत रहेको छ। समीक्षा अवधिमा नेपालको कुल निकासी २३.९ प्रतिशतले वृद्धि भई रु ३६.२८ अर्व तथा कुल पैठारीमा ६.९ प्रतिशतले ह्रास आई रु. ४५०.३० अर्बमा सीमित भएको छ। आ.व. २०७५/७६ को प्रथम चार महीनाको अवधिमा निकासी– पैठारी व्यापारको अनुपात १:१६.५ रहेकोमा आ.व. २०७६/७७ को सोही अवधिमा निकासी– पैठारी व्यापारको अनुपात १:१२.४ रहन आएको छ।

उक्त अवधिमा नेपालबाट निकासी भएका प्रमुख वस्तुहरुमा पाम आयल, पोलिष्टर तथा अन्य धागो, ऊनी गलैंचा, तयारी पोशाक, भटमासको तेल, जुट तथा जुटका सामानहरु, अलैंची, जुस, चिया, फेल्ट, कपडा, फलाम तथा स्टील र पश्मिना सल प्रमुख रुपमा रहेका छन्। समीक्षा अवधिमा अघिल्लो वर्षको सोही अवधिको तुलनामा पाम आयलको निर्यातमा ९३४.५ प्रतिशतले वृद्धि भई रु. ८ अर्ब ३७ करोड पुगेको छ। पोलिष्टर तथा अन्य धागोमा ४.० प्रतिशतले ह्रास आई रु. २.८१ अर्बमा सीमित भएको छ। फलाम तथा स्टील र तिनका उत्पादनहरुको निर्यातमा ५८.४ प्रतिशतले ह्रास आई रु. ९२.३६ करोडमा सीमित भएको छ। यसै गरी ऊनी गलैंचाको निर्यातमा ७.० प्रतिशतले ह्रास आई रु. २.५७ अर्व पुगेको छ।

तयारी पोशाकको निर्यातमा १.२ प्रतिशतले वृद्धि भई रु. २.४४ अर्व पुगेको छ। जुट तथा जुटका उत्पादनको निर्यातमा १२.१ प्रतिशतले वृद्धि भई रु १.८७ अर्ब पुगेको छ। यसै गरी समीक्षा अवधिमा १.३० अर्बको जुस, रु. १.१७ करोडको चिया, रु. १.०६ अर्बको टेक्सटाइल, रु १.५४ अर्वको अलैंची, रु. ७९ करोडको पश्मिना सल, रु. १.०४ अर्बको फेल्ट, रु. २९ करोडको जडिवुटी निकासी भएको देखिन्छ।

***चालु आर्थिक वर्षको प्रथम चार महीनामा पाम आयल र भटमासको तेलको निर्यात उत्साहजनक देखिएको छ। ती वस्तुहरुको हिस्सा नेपालको कुल निर्यातमा क्रमशः २३.१ प्रतिशत र ५.६ प्रतिशत रहेको छ। समीक्षा अवधिमा कच्चा पाम आयलको आयातमा २००.३ प्रतिशतले वृद्धि भई रु. ७ अर्ब ४९ करोड पुगेको छ। चालु आर्थिक वर्षको प्रथम चार महिनामा कच्चा भटमासको तेलको आयातमा २१.८ प्रतिशतले वृद्धि भई रु. ५ अर्ब २१ करोड रहेको छ।***

नेपालको निकासी व्यापारमा भारत, संयुक्त राज्य अमेरिका, जर्मनी, युके, टर्की, चीन, बंगलादेश, फ्रान्स, ,जापान, इटाली, क्यानडा, अष्ट्रेलिया, स्वीट्जरलेण्ड आदि प्रमुख रुपमा रहेका छन् ।

पैठारीतर्फ समग्रमा आ.व. २०७६/७७ को प्रथम चार महीनामा अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा पेट्रोलियम पदार्थको आयात १५.४ प्रतिशतले ह्रास आई रु. ५८.४४ अर्ब मा झरेको छ । यसै गरी समीक्षा अवधिमा फलाम तथा स्टील र तिनका उत्पादनहरुको आयातमा २६.५ प्रतिशतले ह्रास आई रु. ४२.८० अर्ब, मशिनरी तथा पार्ट्समा ०.१ प्रतिशतले वृद्धि भई रु. ३७.३१ अर्ब, यातायातका साधन र तिनका पार्टपुर्जामा ६.३ ह्रास आई रु. ३४.७५ अर्ब, इलेक्ट्रिक र इलेक्ट्रोनिक सामाग्रीहरुमा २२.४ प्रतिशतले वृद्धि भई रु. २२.१८ अर्ब, अन्नको आयातमा १५.७ प्रतिशतले ह्रास आई १२.५७ अर्ब, हवाईजहाज तथा हवाईजहाजका पार्ट्सको आयातमा ३९.२ प्रतिशतले ह्रास आई रु १०.५९ अर्ब, तयारी पोशाकको आयातमा ८.४ प्रतिशतले वृद्धि भई रु १५.०५ अर्ब पुगेको छ । सुनको आयातमा ७५.१ प्रतिशतले ह्रास आई २.०८ अर्ब सीमित भएको छ । यसै गरी औषधीको आयातमा ३.६ प्रतिशतले वृद्धि भई रु. १०.६५ अर्ब पुगेको छ । पोलिथिन ग्रेन्युल्सको आयातमा ११.४ प्रतिशतले ह्रास आई रु. ७.५४ अर्बमा सीमित भएको छ । समीक्षा अवधिमा रु. ६.७० अर्ब बराबरको रासायनिक मल र रु. १.३५ अर्ब बराबरको सिमेन्ट क्लिङ्कर पनि आयात भएको देखिन्छ । दुरसञ्चारका सामाग्रीहरुको आयातमा २७.६ प्रतिशतले वृद्धि भई रु. १०.४६ अर्ब पुगेको छ ।

नेपालको पैठारी व्यापारमा भारत, चीन, इण्डोनेशिया, संयुक्त राज्य अमेरिका, क्यानडा, युएई, स्वीट्जरलेण्ड, साउदी अरेविया, थाइलेण्ड, फ्रान्स, द. अफ्रिका, द. कोरिया, अर्जेन्टिना, मलेशिया, प्रमुख रुपमा रहेका छन् ।

समीक्षा अवधिमा समग्र निकासीमा उल्लेख्य रुपमा सुधार तथा आयातमा भएको ह्रास सँगै व्यापारघाटामा ८.९ प्रतिशतले ह्रास आई नेपालको कुल व्यापारघाटा रु. ४१४.०२ अर्बमा सीमित भएको छ ।